# फिदिम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## फिदिम, पाँचथर

फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फिदिम, पाँचथर
कोशी प्रदेश, नेपाल
२०७३

मिति: २०८३/०६/२८ गते।
नेपाल संवत ११४६ कौलाथ्व चतुर्थी।

विषयः **श्रव्यदृश्य सामग्री सिर्जना तथा डिजिटल प्रचारप्रसार प्रतियोगितामा सहभागी हुने सम्बन्धी सूचना।**

फिदिम नगरपालिकाभित्र सञ्चालित विकास निर्माण तथा सेवा प्रवाहका कार्यहरूबाट नगरपालिकाको स्थानीय जीवनशैली, स्थानीय पूर्वाधार, कला, संस्कृति, कृषि, उद्यम, शिक्षा, स्वास्थ्य, पर्यटन वातावरण संरक्षण लगायत क्षेत्रमा परेको प्रभावलाई श्रव्यदृश्य सामग्रीमार्फत अभिलेखीकरण, प्रचारप्रसार तथा डिजिटल माध्यमबाट प्रवर्द्धन गर्ने उद्देश्यले "फिदिम नगरपालिका श्रव्यदृश्य सामग्री सिर्जना तथा डिजिटल प्रचारप्रसार प्रतियोगिता" सञ्चालन गर्न लागिएको हुँदा इच्छुक content creator व्यक्ति/समूहबाट देहायका शर्त तथा मापदण्डको अधीनमा रही सहभागिताका लागि यो सूचना प्रकाशित गरिएको छ।

**प्रतियोगिताका सहभागीले पालना गर्नुपर्ने मापदण्डहरू:**

१. नगरपालिकाले सञ्चालन गरेको जुनसुकै कार्यक्रम वा आयोजना सञ्चालन गर्नुपूर्वको अवस्था(उपलब्ध भएसम्म) र कार्यक्रम संञ्चालन पश्चात परेको प्रभाव झल्कने श्रव्यदृश्य सामग्री तयार गर्नुपर्नेछ।

२. प्रतियोगीले तयार गरेको श्रव्यदृश्य सामग्री आफ्नो Facebook Profile/Page/Channel मा Upload गर्नुपर्नेछ। प्रतियोगीको Facebook Profile/Page/Channel सार्वजनिक (Public) हुनुपर्नेछ।

३. सामग्री अपलोड गर्दा फिदिम नगरपालिकाको आधिकारिक फेसबुक पेज Phidim Municipality (https://www.facebook.com/share/1BZH9GgvNH/) लाई अनिवार्य Hashtag गरी Mention गर्नुपर्नेछ। यसरी अपलोड गरिएको सामग्रीको लिङ्क फिदिम नगरपालिकाको ईमेल phidimmunicipality@gmail.com मा समेत पठाउनुपर्नेछ।

४. सामग्री मौलिक, सिर्जनात्मक, तथ्यपरक र फिदिम नगरपालिकाको सार्वजनिक हितसँग सम्बन्धित हुनुपर्नेछ।

५. प्रतियोगिताको अवधि ३ (तीन) महिनाको हुनेछ। प्रतियोगिता २०८३ साल मंसिर १ गतेदेखि सुरू हुनेछ।

६. Mobile Video, Interview, Reportage, Reels, Shorts लगायतका सामग्री प्रयोग गर्न सकिनेछ। तर यस्ता सामग्रीको प्लेईङ अवधि अधिकतम् दुई मिनेट भन्दा बढीको हुन पाउने छैन।

७. प्रतियोगितामा सहभागी प्रत्येक व्यक्ति/समूहले प्रतियोगिता अवधिभर न्यूनतम ४ (चार) वटा श्रव्यदृश्य सामग्री सार्वजनिक रूपमा अनिवार्य प्रकाशन गर्नुपर्नेछ। प्रकाशन गरिएका चारवटा सामग्री मध्ये १ वटा प्रतिस्पर्धात्मक सामग्री (Featured Content) को रूपमा रहने र अन्य तीन (३) वटा सामग्री सहायक सामग्री (Supporting Content) को रूपमा रहनेछन्। प्रतियोगीको ईच्छाअनुसार सहायक सामग्रीको श्रेणीबाट हटाई प्रतिस्पर्धात्मक सामग्रीको श्रेणीमा पेश गर्न सकिनेछ।

फोन नं. ०२४-५२०१०७, ०२४-५२११०८, फ्याक्सः ०२५-५२१००८
ईमेलः phidim.municipality@gmail.com,
वेबसाईटः http:phidimmun.gov.np

नि. प्रमुख प्रशासकीय अधिकृत

८. प्रतियोगितामा सहभागी हुने वा सामग्री प्रकाशन गर्ने क्रममा लाग्ने सम्पूर्ण खर्च प्रतियोगी स्वयंले व्यहोर्नुपर्नेछ ।

९. झुटा, भ्रामक, अतिरञ्जित, अपमानजनक, घृणास्पद, राजनीतिक पूर्वाग्रहयुक्त वा व्यक्ति/संस्थाको प्रतिष्ठामा अनुचित असर पार्ने सामग्रीलाई प्रतियोगितामा समावेश गरिने छैन ।

१०. बालबालिका वा अन्य व्यक्तिको अन्तर्वार्ता/दृश्य समावेश गर्दा आवश्यक सहमति तथा मर्यादा कायम गर्नुपर्नेछ ।

११. खरिद गरिएका Like/Follower, Bot, Fake Account, Artificial Engagement, Paid Manipulation वा अन्य अस्वाभाविक माध्यमबाट Engagement बढाएको प्रमाणित भएमा सम्बन्धित सामग्री/प्रतियोगीलाई प्रतियोगिताबाट निष्कासन गरिनेछ ।

## मूल्याङ्कनका आधारहरू

क) प्रतियोगीले तयार गरेका ***प्रतिस्पर्धात्मक सामग्री/Featured Content मा प्राप्त गरेको*** Views, Like/Reaction, Comment र Share लाई मूल्याङ्कनको पहिलो आधारको रूपमा लिईनेछ ।

Views बापत कुल अङ्क ४० अङ्क

- Views बापतको अङ्क गणना गर्ने विधि = (सम्बन्धित प्रतियोगीको कुल Views ÷ सबै प्रतियोगीमध्ये सर्वाधिक कुल Views) × ४०

Likes/Reactions बापत कुल ३० अङ्क

- Likes/Reactions बापतको अङ्क गणना गर्ने विधि = सम्बन्धित प्रतियोगीको कुल Likes/Reactions ÷ सबै प्रतियोगीमध्ये सर्वाधिक कुल Likes/Reactions) × ३०

Comment बापत कुल ३० अङ्क

- Comment बापतको अङ्क गणना गर्ने विधि = सम्बन्धित प्रतियोगीको कुल Comment ÷ सबै प्रतियोगीमध्ये सर्वाधिक कुल Comment) × ३०

Share बापत कुल ३० अङ्क

- Share बापतको अङ्क गणना गर्ने विधि = सम्बन्धित प्रतियोगीको कुल Share ÷ सबै प्रतियोगीमध्ये सर्वाधिक कुल Share) × ३०

ख) प्रतियोगीले तयार गरेका ***प्रतिस्पर्धात्मक सामग्री/Featured Content र सहायक सामग्री/Secondary Content मा*** देहायअनुसार मूल्याङ्कन समितिले देहायअनुसार प्रदान गर्ने अङ्कलाई दोस्रो आधारको रूपमा लिईनेछ ।

दोस्रो आधारको लागि कुल ३० अङ्क पूर्णाङ्क कायम गरी देहायअनुसार अङ्क विभाजन गरिनेछ ।

फोन नं. ०२४-५२०१०७, ०२४-५२११०८, फ्याक्सः ०२५-५२१००८
ईमेलः phidim.municipality@gmail.com,
वेबसाईटः http:phidimmun.gov.np

नि. प्रमुख प्रशासकीय अधिकृत

- सामग्रीको मौलिकता र सिर्जनशीलता = १० अङ्क
- तथ्यपरकता र गुणस्तर = १० अङ्क
- फिदिम नगरपालिकाको सकारात्मक पहिचान निर्माणमा योगदान = १० अङ्क

**प्रतियोगिताका विजेता र पुरस्कार**

प्रतियोगिताको अन्तिम मूल्याङ्कनबाट उत्कृष्ट हुने सहभागीलाई नियमानुसार कर कट्टी गरी देहायबमोजिम पुरस्कार प्रदान गरिनेछः

| क्र.सं. | स्थान | पुरस्कार राशी |
|---|---|---|
| १ | प्रथम | रु. ७५,०००/- (पचहत्तर हजार रूपैँया) |
| २ | द्वितीय | रु. ५०,०००/- (पचास हजार रूपैँया) |
| ३ | तृतीय | रु. ३०,०००/- (तीस हजार रूपैँया) |
| ४ | चौँथो | रु. २०,०००/- (बीस हजार रूपैँया) |
| ५ | पाचौँ | रू. १५,०००/- (पन्ध्र हजार रूपैँया) |
| ६ | छैटौँ | रू. १०,०००/- (दश हजार रूपैँया) |

**थप जानकारीका लागि**

प्रतियोगितासम्बन्धी थप जानकारीका लागि फिदिम नगरपालिकाका सूचना प्रविधि अधिकृत श्री प्रदिप अधिकारीलाई मोबाइल नं. ९८४९३९९५०९ मा सम्पर्क गर्न सकिनेछ ।

फिदिम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, पाँचथर ।

नि. प्रमुख प्रशासकीय अधिकृत